सूचनाको हक सम्बन्धी ऐन , २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# स्वतः प्रकाशन

## (PROACTIVE DISCLOSURE)

## आ.व २०८२/८३

**मधेश प्रदेश सरकार**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**जनकपुरधाम, धनुषा,नेपाल**

ईमेलःinfo.molmac@madhesh.gov.np, planningmolmacp2@gmail.com

वेबसाईटःmolmac.madhesh.gov.np

सम्पर्क नं.: ०४१-५२२३५०

## विषयसूची

१. मन्त्रालयको परिचय
१.१ पृष्ठभूमिः
१.२ सोचः
१.३. लक्ष्यः
१.४. उद्देश्यः
२. मन्त्रालयको संगठनात्मक स्वरुपः
३. कार्य जिम्मेवारीः
३.१ प्रशासन तथा सहकारी महाशाखा
३.२ योजना तथा अनुगमन महाशाखा
३.३ पशुपन्छी विकास महाशाखा
३.४ खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन माहाशाखा
३.५ भूमि व्यवस्था महाशाखा
३.६ भुमिश्रोत नक्सांकन महाशाखा
४. यस आ.व. २०८२/०८३ मा सम्पादन हुने मुख्य मुख्य कामको विवरण
५. सूचना अधिकारी र प्रमुखको नाम र पदः
६. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
७. आ.व २०८३/८३को बजेट तथा खर्चको अवस्थाः
८. सार्वजनिक निकायको बेभसाईट भए सो को विवरणः
९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएकोविवरणः
१०. अन्य विवरण

## १. मन्त्रालयको परिचयः

### १.१ पृष्ठभूमिः

नेपालमा संघियता लागु भए पश्चात हालको अवस्थामा प्रदेशस्तरमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्थापना भएको छ । देश विकासको आयामलाई मुर्त रुप दिन सबै क्षेत्रको महत्पुर्ण योगदान रहेको छ । नेपाली अर्थतन्त्रको मुख्य क्षेत्रको रुपमा कृषि तथा पशुपालन रहेको छ । राष्ट्रिय अर्थतन्त्रको विकास तथा समृद्धिको लागि कृषि तथा पशुपालनको समग्र विकास गरि व्यवसायीकरण गर्नु आजको प्रमुख आवश्यकता रहेको छ । उत्पादनको साधनको रुपमा रहेको प्रचुर जमिन र दुई तिहाई उत्पादक शक्तिको रुपमा रहेको किसानलाई समेटेर कृषि तथा पशुपालन क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गरि राष्ट्रिय पुँजको सिर्जना गर्न सकिन्छ । कृषि तथा पशुपालन क्षेत्रको व्यवसायकिरण, आधुनिकिकरण तथा औधोगिकीकरण गर्दे कृषि तथा पशुजन्य उतपादनमा आत्मनिर्भर बनाउदै आयात प्रतिस्थापन र निर्यात प्रबद्र्धन गरि समाजको अग्रगामी रुपान्तरणको दिशामा अघि बढनु आजको प्रमुख आवश्यकता रहेको छ ।

नेपाल विश्व व्यापार संगठन तथा विश्व पशु स्वास्थ्यय संगठनको सदस्य राष्ट्र भएकोले सोको नीनत अनुरुप विकासका साझेदारहरु संग समन्वय गरेर कृषि तथा पशुपालन क्षेत्रको विकासका कार्यहरु पुरा गर्नुपर्नेछ। दिगो विकासको लक्ष्यमा उल्लेख भए अनुरुप भोक अन्तय गर्न, खाद्य र पोषण सुरक्षामा सुधार ल्याउनको लागि कृषि तथा पशुपंक्षी क्षेत्रको विकास अपिरहार्य रहेको छ । कृषि तथा पशुपंक्षी विकासको क्षेत्रमा सार्वजनिक, निजि तथा सहकारी क्षेत्रको लगानी समुचित रुपमा वृद्धि गरेर कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सकिने प्रशस्त संभावना रहेको छ जसबाट देशको आर्थिक विकासमा योगदान पुरयाउनुको साथै समाबेशी रुपमा आर्थिक वृद्धि प्रतिफल जनताहरु माझ पुर्याउन सकिने प्रबल संभावना रहेको छ ।

नेपालको संविधान २०७२ अनुसार सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक प्रयोग गने र कृषि तथा भूमि सुधार सम्बन्धि नीति अवलम्बन गरेर भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप जाँच भूमि सुधार, भुउपयोग तथा चक्लाबन्दी सम्बन्धी नीति कानुन मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन पनि आजको आवश्यकता रहेको छ । तदअनुरुप नेपालको संविधानमा उल्लेख भए बमोजिम मधेश प्रदेश मा निश्चित कार्य विवरण तोकी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्थापन भई हाल कृयाशील रहेको छ। यसको मुख्य कार्य क्षेत्रको रुपमा कृषि, पशुपंक्षी, सहकारी तथा भूमि व्यवस्थापन रहेको छ।

**१.२ सोचः**

**(क) कृषि**

दिगो खाद्य तथा पोषण सुरक्षासहितको समाज, समृद्ध प्रदेशको मुख्य आधार

**(ख) पशुपन्छी तथा मत्स्य**

प्रदेशको आर्थिक समृद्धिः पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धि

**१.३ लक्ष्यः**

दिगो भूमि ब्यबस्थापन, कृषि र सहकारीको माध्यमबाट प्रदेश कृषिमा खाध्यान्न बाली आत्मनिर्भर भइ निर्यात गरी उच्च र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने।

**१.४ उद्देश्यः**

- कृषिमा आधुनिकीकरण र व्यवसायीकरण गरि खाध्य र पोषण सुरक्षा गर्दै उद्योग प्रबर्धन गरी निर्यात गर्ने अवस्था सृजना गर्ने ।
- एकीकृत कृषि, पशु सेवा, भूमि र सहकारी क्षेत्रमा सेवा प्रवाह सुनिश्चित गरी बृहत्तर उत्पादन क्षेत्र ब्लक,जोन,सुपरजोन बनाउने ।
- एकल महिला ,जनजाति, आदिबासी, थारु, दलित लगायत पिछडिएका समुदायमा लक्षित भूमि, कृषि,तथा सहकारी सम्बन्धी / कार्यक्रमहरु संचालन गर्ने ।
- चक्लाबन्दी गरी कृषिको समग्रमा उत्पादन र उत्पादकत्व बढाउने ।
- One Health Approach मा आधारित वाताबरण विकाश तथा पशुपन्छी रोग न्युनीकरण गर्ने ।
- स्थानीय र रैथाने जातका कृषि तथा पशुपन्छीहरुको संरक्षण र प्रबर्धन गरि जैविक विविधताको संरक्षण एबं उपयोग गर्ने ।


# २. मन्त्रालयको संगठनात्मक स्वरुपः

अनुसूची-५.१

प्रदेश सरकार

.......प्रदेश

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको संगठन संरचना



३. **कार्य जिम्मेवारी**ःमधेश प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० मा यस मन्त्रालयको कार्यजिम्मेवारी तोकिएको छ। जस अन्तर्गत मन्त्रालयले प्रदेशस्तरको कृषि तथा पशुपन्छीजन्य उपजको उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा गर्ने तथा सोको कार्यान्वयन गर्ने गराउने कार्य गर्दछ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कार्य जिम्मेवारीहरुः**

| क्र.सं. | कार्य जिम्मेवारीहरु |
|---|---|
| १ | भूमी व्यवस्थापन, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन, |
| २ | प्रदेश संरचना निर्माणका लागि संघ वा स्थानीय तहसँग समन्वय गरी उपयुक्त सरकारी वा सार्वजनिक जग्गाको खोजी र प्राप्ति गर्ने । साथै, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन एवं स्थानीय प्रशासन तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा संरक्षण, |
| ३ | संघीय सरकारबाट भूमि सम्बन्धी नक्सा, भौगोलिक सूचना र अभिलेख प्राप्त गर्ने विषय, प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन, |
| ४ | नाप नक्साका नियन्त्रण विन्दूहरुको सञ्जाल स्थापना, |
| ५ | क्रमबद्ध कित्ता नापी र भूमी लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन, |
| ६ | भूमिहीनको जीविकोपार्जन र पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| ७ | प्रदेशको स्वामित्वमा रहेको सरकारी जग्गा भाडामा दिनेवा उपयोग गर्ने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| ८ | गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी र गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन एवम् सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय, |
| ९ | कृषि, पशु विकास तथा खाद्य सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| १० | कृषि तथा पशुपन्छीजन्य रोग, कीरा एवम् महामारी नियन्त्रण, |
| ११ | कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन, |
| १२ | कृषि तथा पशु व्यवसायको यान्त्रिकीकरण, विकास तथा विस्तार, |

| | |
|---|---|
| १३ | कृषिबाली तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन, |
| १४ | कृषिउपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बीउबिजन एवम् नश्लसम्बन्धी सेवा र प्रविधिको गुणस्तर स्तरीकरण, प्रमाणीकरण र नियमन,निर्धारण, सम्बद्धता निर्धारण, |
| १५ | प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर, |
| १६ | कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण, |
| १७ | कृषि मल, बीउ र विषादी आपूर्ति व्यवस्था र नियमन, |
| १८ | कृषि प्रसार, कृषक तालीम तथा क्षमता विकास र सशक्तिकरण, |
| १९ | कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन, |
| २० | कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन, |
| २१ | कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन, |
| २२ | राष्ट्रिय नीति बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन, |
| २३ | सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रबर्द्धन, |
| २४ | चरन तथा खर्क सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन, |
| २५ | कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सूक्ष्म पोषणतत्वयुक्त बस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन, |
| २६ | सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, |
| २७ | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक नीति, कानून र मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन, |
| २८ | सहकारी सम्बन्धी संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका निकायसँग समन्वय र सहकार्य, |
| २९ | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन। |

यस मन्त्रालयका महाशाखा र शाखाहरुको कार्यविवरण देहाय अनुसार रहेको छः

## ३.१ प्रशासन तथा सहकारी महाशाखा

- ✓ यस प्रदेश अन्तर्गतका प्रदेश स्तरीय मन्त्रालय, प्रादेशिक निकाय तथा कार्यालयहरु संग समन्वयको कार्यहरु गर्ने ।
- ✓ यस मन्त्रलायसंग सम्बन्धित अन्य माथ्थिलो निकायहरु संग समन्वय तथा सहजीकरण गर्ने।
- ✓ मन्त्रालय तथा मातहतका सम्पूर्ण कार्यालयहरुको आर्थिक, प्रशासनिक व्यवस्थापन, कार्यालय व्यवस्थापन सम्बन्धि समन्वय तथा अनुगमन गर्ने ।

### ३.१.१ प्रशासन शाखा :

- ✓ कर्मचारीको नियुक्ति, का.स.मु., हाजिरी, विदा, पुरस्कार, दण्ड, निवृत्तीभरण, अवकाश, उपदान आदि कर्मचारी प्रशासनसँग र कर्मचारीको अभिलेख सम्वन्धी कार्यहरु गर्ने।
- ✓ यस मन्त्रालय अन्तर्गतका निकायका कर्मचारी प्रशासन सम्बन्धमा परेका उजुरीहरु सम्बन्धमा समन्वयको कार्यहरु गर्ने ।
- ✓ निजामती सेवा पुरस्कार, पदकहरु र विभूषणको सिफारिस गर्ने, उत्कृष्ट कर्मचारी/ मन्त्रालय/ निकायलाई पुरस्कृत गर्ने सम्बन्धी कार्यहरु गर्ने।
- ✓ कर्मचारीहरुको भ्रमण सम्बन्धी कार्य र सोको अभिलेखीकरण गर्ने ।
- ✓ राष्ट्रिय तथा अन्तराष्ट्रिय अध्ययन, तालिम, सेमिनार/ छात्रवृत्तिमा मनोनयन सम्बन्धी कार्यहरु गर्ने ।
- ✓ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ/संस्थासँग समन्वय गर्ने, अनुगमन गर्ने, मूल्याँकन गर्ने र ती संस्थाहरुलाई आवश्यकता अनुसार निर्देशन गर्ने ।
- ✓ सूचनाको हक सम्बन्धी ऐनद्वारा उल्लेख गरिएको सूचनाहरु नियमित प्रकाशनको व्यवस्था गर्ने ।
- ✓ प्रदेशस्तरका सबै जनशक्तिको क्षमता विकासको आवश्यकता पहिचान, तालिम कार्यक्रमहरु संचालन र अन्य निकाय वा उपलब्ध क्षमता विकासका अवसरहरुका लागि विस्तृत सूचना सहित मनोनयनको प्रस्ताव गर्ने ।
- ✓ कार्यालयका विभिन्न पदाधिकारीहरु एवं कर्मचारीहरुका लागि नियमानुसार सवारी साधन तथा ईन्धन व्यवस्थापन सम्बन्धी कार्यहरु साथै सार्वजनिक विदामा सवारी साधन संचालनको व्यवस्थापन कार्य गर्ने ।
- ✓ यस कार्यालयमा प्राप्त हुने चिठीपत्रहरु बुझ्ने, दर्ता गर्ने र सम्बन्धित महाशाखा वा शाखामा पुर्याउने साथै, आवश्यकता अनुसार सक्कल कागजातहरु सम्बन्धित ठाउँमा पुर्याउने ।
- ✓ कार्यालयबाट पठाउने पत्रहरु चलानी गरी सम्बन्धित निकायमा पठाई सोको कार्यालय प्रतिलाई सुरक्षित अभिलेखाँकन गर्ने ।

- ✓ मन्त्रालयको बैठकका निर्णयको तयारीमा सहयोग पुर्याउने, भएका निर्णयको अभिलेख राख्ने, निर्णयहरु सम्बन्धित मन्त्रालय /निकाय /महाशाखामा संचार गर्ने ।
- ✓ शाखा सम्बन्धी बैठकको माईन्यूट तयार गर्ने, जानकारी तथा कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाउने र अभिलेख व्यवस्थित रुपमा राख्ने ।
- ✓ योजना तथा अनुगमन महाशाखासँग समन्वय गरी कार्यालयको लागि बार्षिक बजेट अनुमान तयार गरी पेश गर्ने ।
- ✓ माननीय मन्त्री तथा यस कार्यालयबाट आयोजना हुने विभिन्न समारोह तथा कार्यक्रमको व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने।
- ✓ कार्यालयबाट आयोजना हुने समारोह तथा कार्यक्रमहरुमा सम्बन्धित निकाय, पदाधिकारी र व्यक्तिहरुलाई आमन्त्रण गर्ने कार्य गर्ने।
- ✓ प्रचलित ऐन नियमले तोकेको आर्थिक प्रशासन सम्बन्धी अन्य कार्यहरु गर्ने।
- ✓ अन्य शाखाको कार्य विवरणमा नपरेका प्रशासनिक लगायत अन्य सबै कार्यहरु गर्ने।

### ३.१.२ कानुन तथा फैसला कर्यान्ब्यन शाखा :

- ✓ मन्त्रालय तथा मन्त्रालय मातहतका कार्यालयहरुलाई कानुनि सल्लाह तथा परामर्श प्रदान गर्ने।
- ✓ मन्त्रालयको तर्फ बाट प्रतिनिधित्व गरि फैसला कर्यान्ब्यन गराउन सहयोग गर्ने।
- ✓ मन्त्रालय तथा मन्त्रालय मातहतका कार्यालयहरुमा परेका उजुरी उपर छानबिन गरि राय सुझाव दिने/पेश गर्ने।
- ✓ आन्तरिक मामिला तथा कानुन मन्त्रालय , मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,संसदिय समिति संग समन्वय गरि ऐन, कानुन, कार्यविधि तथा अन्य दस्ताबेजहरु निर्माण, प्रस्ताव तथा पेश गर्न समन्वय तथा सहजीकरण गर्ने।
- ✓ ऐन, कानुन, कार्यविधि तथा अन्य दस्ताबेजहरुमा उल्लेख भए अनुरुपको पदिय दायित्व अनुरुप अन्य कार्यहरु गर्ने।

### ३.१.३ आर्थिक प्रशासन शाखा :

- ✓ योजना तथा अनुगमन महाशाखासँग समन्वय गरी कार्यालयको लागि बार्षिक बजेट अनुमान तयार गरी पेश गर्ने ।
- ✓ कार्यालयका कर्मचारीहरुको तलब भत्ता, संचयकोष, नागरिक लगानी कोष, बीमाकोष आदिको व्यवस्थापन गर्ने गराउने ।
- ✓ खर्चको फाँटवारी, आर्थिक विवरण लगायत प्रचलित कानून अनुसार तयार गर्नु पर्ने विवरण तयार गरी पठाउने ।
- ✓ कार्यालयको आम्दानी र खर्चको स्रेस्ता प्रचलित कानून बमोजिम व्यवस्थित रुपमा राख्ने ।
- ✓ कार्यालयको आम्दानी / खर्चको लेखापरीक्षण गराउने तथा यसको नियमितता सम्बन्धी कार्य र बेरुजु फर्छ्यौट गर्ने गराउने ।

- ✓ आर्थिक विषयमा उपर्युक्त, राय, परामर्श, सिफारिस उपलब्ध गराउने ।
- ✓ आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ११३ बमोजिमका कार्यहरु र प्रचलित ऐन कानुन बमोजिमका अन्य कार्यहरु गर्ने गराउने ।
- ✓ मन्त्रालय र अन्तर्गत निकायको निक्षेपण सम्बन्धि कार्य, कार्यक्रम संशोधन, रकमान्तर तथा थप निकासा सम्वन्धी कार्यहरु गर्ने।

### ३.१.४ जिन्सी फाँट

- ✓ कार्यालयको सबै सम्पतिको संरक्षण, मर्मतसंभार, रंगरोगन, सरसफाई तथा आन्तरिक सजावट सम्बन्धी कार्य गर्ने गराउने ।
- ✓ कार्यालयको लागि भौतिक तथा अन्य सामग्रीको खरिद व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने ।
- ✓ कार्यालयको टेलिफोन, इन्टरनेट, धारा, विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित कार्यहरु गर्ने ।
- ✓ आर्थिक कार्यविधि ऐन तथा नियमावली अनुसार भौतिक तथा अन्य सामग्रीहरुको अभिलेख व्यवस्थापन, जिन्सी निरीक्षण तथा लिलामी सम्बन्धी कार्यहरु गर्ने।
- ✓ माननीय मन्त्रीज्यू एवम् सचिवालयलाई आवश्यक कम्प्युटर, विद्युत्त, टेलिफोन, फर्निचर लगायतका भौतिक सुविधाहरुको सम्बन्धित महाशाखासँग समन्वय कायम गरी व्यवस्थापन गर्ने ।
- ✓ प्रचलित ऐन कानून बमोजिम अन्य कार्यहरु गर्ने गराउने ।

### ३.१.४ सहकारी तथा गरिबी निवारण शाखा :

- ✓ सहकारी संघ संस्था सञ्चालनको लागि आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाई लागू गर्ने गर्ने ।
- ✓ सहकारी संघ संस्थाको विनियम, लेखापरिक्षण प्रतिवेदन, वार्षिक प्रगति लगायतका अभिलेखहरु तयार गरी राख्ने ।
- ✓ प्रदेश स्तरीय सहकारी संघसंस्थाको दर्ता, विनियम स्वीकृत तथा संशोधन गर्ने ।
- ✓ सहकरी संघ संस्थाको दर्ता/खारेज, एकीकरण वा विभाजन गर्ने ।
- ✓ योजना तथा अनुगमन मशाखा अन्तर्गतको अनुगमन तथा मुल्यांकन शाखा संगको समन्वयमा सहकारी संघ संस्थाको निरिक्षण तथा अनुगमन गर्ने।
- ✓ सहकारी संघ संस्थाको छुट, सुविधा तथा सहुलियतको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।
- ✓ सहकारी संघ संस्थाको विघटन र लिक्विडेटरको नियुक्ति गर्ने ।
- ✓ सहकारी संघ संस्थालाई प्रशिक्षण दिने ।

## ३.२ योजना तथा अनुगमन महाशाखा

- ✓ भूमी व्यवस्था, कृषि, पशुपन्छि तथा सहकारी विकास सम्बन्धी बार्षिक कार्यक्रम र बजेट तर्जुमा एवं अन्य महाशाखासँग समन्वय गर्ने ।
- ✓ कृषि, पशु, सहकारी तथा भूमी सम्बन्धी नीति निर्माण तथा आवधिक योजनाहरुको तर्जुमा र अन्य महाशाखासँग समन्वय गरी अनुगमन तथा विश्लेषण एवं कृषि सम्बन्धी क्षेत्र/उपक्षेत्रको आर्थिक विश्लेषण कार्य गर्ने, गराउने।
- ✓ प्रदेश मन्त्रालय अन्तर्गत रहेका निर्देशनालय तथा कार्यालयहरुको जनशक्तिको वस्तुस्थिति अद्यावधिक गर्ने तथा निश्चित मापदण्ड तथा नीतिगत व्यवस्था गरी जनशक्तिको क्षमता विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका उच्च अध्ययन, अनुसन्धान तथा तालिम व्यवस्थाको लागि अन्य महाशाखासँग समन्वय गर्ने ।
- ✓ प्रादेशिक योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्य सम्बद्ध निकायसँग समन्वयमा रही योजनागत कार्यहरु गर्ने ।
- ✓ प्रदेश मन्त्रालय र अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु र विकास साझेदार निकाय तथा वैदेशिक सहायतामा संचालन हुने आयोजनाहरुको सम्भाब्यता, प्रस्ताव तयारी, निति निर्माण, बजेट तर्जुमा, नर्मस, कार्ययोजना, समीक्षा तथा अनुगमन एवं मूल्यांकन गर्ने, गराउने ।
- ✓ योजना तथा कार्यक्रमको नियमित रुपमा (मासिक, द्वैमासिक, चौमासिक र बार्षिक) कार्य प्रगति स्थितिको समीक्षा गर्ने, गराउने र पृष्ठपोषण गर्ने ।
- ✓ मन्त्रालयको कार्यक्रम तथा आयोजना सम्बन्धमा समय समयमा प्राप्त निर्देशनहरुको कार्यान्वयन र अन्तर निकाय समन्वय गर्ने, गराउने ।
- ✓ योजना तथा कार्यक्रम सम्बन्धमा मातहतका निकायहरुबाट प्राप्त समस्या समाधानार्थ आवश्यक कारवाही गर्ने ।
- ✓ कृषि क्षेत्रको योजना, अनुगमन तथा मूल्यांकनको लागि आवश्यक तथ्यांक एवं सूचना प्रवाह गर्ने ।
- ✓ अर्धबार्षिक, बार्षिक तथा कार्यक्रम उपलब्धि सम्बन्धका कृषि तथ्यांकहरुको संकलन, बिश्लेषण, लेखन तथा प्रकाशन गर्ने ।
- ✓ समय सापेक्ष कृषि सम्बन्धी नीति तथा आवधिक योजनाहरुको तर्जुमा, विश्लेषण तथा परिमार्जन गरी कार्यक्रम कार्यान्वयनमा समन्वय गर्ने ।
- ✓ कृषि क्षेत्रको विकासको लागि आयोजनाहरुको प्रस्ताव तयारी गरी विभिन्न निजी तथा बैदेशिक दातृ संस्थाहरुसँग कार्यगत समन्वय गर्ने ।
- ✓ योजना तर्जुमा गर्दा लैङ्गिक मूल प्रवाहीकरण र समावेशीकरणका सिद्धान्तलाई प्रादेशिक मन्त्रालय र अन्तर्गतका निकाय र आयोजनाहरुबाट सञ्चालन हुने कृषि कार्यक्रमहरुमा संस्थागत गरी सोको लेखाजोखा राख्ने तथा लैङ्गिक तथा सामाजिक समावेशिकरण सम्बन्धी सम्पर्क विन्दुको रुपमा कार्य गर्ने ।

- ✓ कृषि बजार, बालीनाली तथा पशुपंक्षी स्थिति निरीक्षण तथा चौमासिक प्रतिवेदन लगायत अन्य प्रकाशन सम्वन्धी कार्य गर्ने ।
- ✓ भूमी ब्यवस्था, कृषि, पशुपन्छि तथा सहकारी विकास सम्बन्धी बार्षिक कार्यक्रम र बजेट अनुरुप मन्त्रालय तथा मातहतका कार्यालयबाट संचालन हुने कार्यक्रमहरुको सम्बन्धित महाशाखासँग समन्वय गरी अनुगमन तथा मूल्याकंन कार्य प्रभावकारीताका साथ गर्ने गराउने ।

**३.२.१ योजना तथा जनशक्ति शाखा :**

- ✓ प्रादेशिक कार्यक्रम तथा वजेट तर्जुमा मार्गदर्शन तथा वजेट सिलिङ्ग सम्वन्धी कार्य ।
- ✓ मन्त्रालयको कार्यक्रम तथा बजेट कम्पाइल तथा स्वीकृतीको व्यवस्था सम्वन्धी कार्य ।
- ✓ नतिजामूलक बजेट तर्जुमाको नीतिगत तथा सँस्थागत व्यवस्था सम्वन्धी कार्य ।
- ✓ कार्यक्रम तथा बजेट कार्यान्वयन सहजीकरण र समन्वय ।
- ✓ संघिय तथा स्थानिय बजेट तथा कार्यक्रमसगं समन्वय ।
- ✓ कर्मचारीको क्षमता अभिबृद्धिसम्बन्धि योजना कार्यक्रम तथा कार्यन्वयन व्यवस्था ।
- ✓ योजना सम्बन्धि अन्य महाशाखा तथा मन्त्रालय मातहतका कार्यालयसगं समन्वय र सहजीकरण ।
- ✓ लैंगिक उत्तरदायी बजेट कार्यान्वयनको व्यवस्था ।

**३.२.२ अनुगमन तथा मूल्याङन शाखा :**

- ✓ कार्यक्रमको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन कार्य, मापदण्ड र प्रक्रिया ।
- ✓ संघिय अनुगमन तथा मूल्याकंन पद्दतीसगं समन्वय ।
- ✓ मन्त्रालय निर्देशनालय तथा मातहतका कार्यालयबाट संचालित कार्यक्रमको उपलब्धि बिश्लेषण तथा प्रगती तयारी ।
- ✓ प्रादेशिक आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याँकन ।
- ✓ चौमासिक तथा बार्षिक प्रगति समिक्षा र प्रतिवेदन ।
- ✓ कृषि बजार, बालीनाली तथ्यांक संकलन बिधिको बिकासका लागिनिर्देशिका तयारी तथा परिमार्जन, तालिम आदि सन्चालन गर्ने ।
- ✓ कृषि बजार, बालीनाली तथा पशुपंक्षी स्थिति निरीक्षण तथा प्रतिवेदन प्रकाशन गर्ने ।
- ✓ राष्ट्रिय महत्वको तथ्याँक तथा सूचना संकलन तथा अद्यावधिक गर्ने कार्यमा समन्वयात्मक भूमिका खेल्ने ।

**३.२.३ नीति तथा मापदण्ड शाखा :**

- ✓ मन्त्रालय र अन्तर्गतका निकायहरुको नीतिको आवश्यकताको पहिचान, विश्लेषण तथा तर्जुमा समन्वय ।
- ✓ मन्त्रालय र अन्तर्गतका निकायहरुको नीति कार्यान्वयनको अवस्था सहजीकरण ।

- ✓ जनशक्ति विकास नीति, मापदण्ड ।
- ✓ कार्यक्रमको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन नीति, मापदण्ड ।
- ✓ मन्त्रालय र अन्तर्गतका निकायहरुको नीति मापदण्डहरुको अनुगमन र मूल्याकंन तथा पृष्ठपोषण ।
- ✓ अन्य मन्त्रालय तथा केन्द्रीय निकायहरुवीच नीतिगत विषयमा समन्वय ।
- ✓ लैंगिक मूलप्रवाहीकरण नीति तथा मापदण्ड ।
- ✓ नीजि तथा गैर सरकारी क्षेत्र वीच नीतिगत बिषयमा समन्वय।
- ✓ समावेशी नीति, कार्यक्रम, मापदण्ड।

## ३.३ <u>पशुपन्छी विकास महाशाखा</u>

- ✓ पशुपन्छी सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रवर्द्धन कार्य
- ✓ तथ्याङ्क संकलन प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण कार्य
- ✓ बजेट तथा कार्यक्रम, आयोजना / परियोजनाहरुको योजना तर्जुमा, कार्यान्वयन
- ✓ पशुपन्छी आनुवंशिकी श्रोत संरक्षण सम्बर्द्धन र उपयोग
- ✓ प्रादेशिक स्तरीय पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कानून, ऐन, नियम, तर्जुमा र व्यवस्थापन
- ✓ पशुपन्छीजन्य महामारी नियन्त्रण तथा व्यवस्थापन
- ✓ पशुपन्छी विपद् व्यवस्थापन सम्बन्धी कार्य
- ✓ भेटेरीनरी जनस्वास्थ्य, जुनोटिक रोग, एन्टिबायोटिक रेसिस्टेन्स, ड्रग रेजिड्यु लगायतका जनस्वास्थ्यका विषयमा एक स्वास्थ्य अवधारणा सम्वन्धी कार्यहरु
- ✓ पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यविधि, निर्देशिका तथा मापदण्डको कार्य
- ✓ पशुपन्छीजन्य यान्त्रिकीकरण औद्योगिकीकरण, उद्योग व्यवसायिकीकरणको विकास तथा प्रवर्द्धन
- ✓ विश्वविद्यालय, तालिम प्रदायक संस्था तथा अन्य निकायहरुसंग प्रविधि विकास सम्बन्धी सहकार्य, तथा समन्वय

### ३.३.१ पशुपंक्षी उत्पादन तथा तथ्याङ्क व्यवस्थापन शाखा

- ✓ पशुपन्छी सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रवर्द्धन कार्य
- ✓ प्राकृतिक जलाशयहरु (पोखरी, नदीनाला, ताल तलैया एवं घोल तथा सिम) मा मत्स्य पालन सम्भाव्यता अध्ययन, प्रवर्द्धन तथा नियमन कार्य
- ✓ तथ्याङ्क संकलन प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण कार्य

- ✓ प्रादेशिक खाद्य सुरक्षा र पोषण (दुध, फुल र मासु) खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर सम्बन्धी कार्यहरु
- ✓ प्रजननका लागि वीउ विजनको आपूर्ति व्यवस्था र नियमन
- ✓ सामुहिक पशुपन्छी पालन करार व्यवस्थाको कार्यान्वयन र प्रबर्द्धन
- ✓ बजेट तथा कार्यक्रम, आयोजना / परियोजनाहरुको योजना तर्जुमा, कार्यान्वयन
- ✓ पशुपन्छी आनुवंशिकी श्रोत संरक्षण सम्बर्द्धन र उपयोग

### ३.३.२ पशु स्वास्थ्य तथा नियमन शाखा

- ✓ प्रादेशिक स्तरीय पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कानून, ऐन, नियम, तर्जुमा र व्यवस्थापन
- ✓ पशुपन्छीजन्य रोगको निदान प्रयोगशाला व्यवस्थापन र नियमन
- ✓ पशुपन्छीजन्य पदार्थहरुको पोषण तत्वयुक्त बस्तुको उपयोग, उत्पादन र बिक्री वितरणको अनुगमन र नियमन सम्बन्धी कार्यहरु
- ✓ पशु स्वास्थ्य सम्बन्धि प्रयोगशालाको सम्बन्द्धता र स्तरीकरण सम्वन्धी नीति र मापदण्ड
- ✓ भेटेरीनरी जनस्वास्थ्य, जुनोटिक रोग, एन्टिबायोटिक रेसिस्टेन्स, ड्रग रेजिड्यु लगायतका जनस्वास्थ्यका विषयमा एक स्वास्थ्य अवधारणा सम्वन्धी कार्यहरु
- ✓ पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कानून, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड तर्जुमा र व्यवस्थापन
- ✓ पशुस्वास्थ्यसँग सम्बन्धित प्रमाणीकरण सम्बन्धी कार्य गर्ने
- ✓ पशुपन्छीजन्य महामारी नियन्त्रण तथा व्यवस्थापन
- ✓ मासु तथा मासुजन्य पदार्थको गुणस्तर निर्धारण तथा नियमन
- ✓ असल भेटेरिनरी अभ्यास कार्यान्वयन
- ✓ पशु कल्याण सम्बन्धी मापदण्ड समन्वय तर्जुमा र कार्यान्वयन
- ✓ पशुपन्छी विपद् व्यवस्थापन सम्बन्धी कार्य

### ३.३.३ पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा

- ✓ पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यविधि, निर्देशिका तथा मापदण्डको कार्य
- ✓ पशुपन्छीजन्य यान्त्रिकीकरण औद्योगिकीकरण, उद्योग व्यवसायिकीकरणको विकास तथा प्रवर्द्धन
- ✓ पशुपन्छी पालक कृषक, उद्यमी, व्यवसायिहरुको क्षमता अभिबृद्धि तालिम तथा सशक्तिकरण
- ✓ पशुपन्छी बजार, पूर्वाधार र पशुपन्छी फार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन

- ✓ Smart Livestock Village स्थापना
- ✓ पशुजन्य उत्पादन विकास र प्रवर्द्धनका कार्यहरु
- ✓ विश्वविद्यालय, तालिम प्रदायक संस्था तथा अन्य निकायहरुसंग प्रविधि विकास सम्बन्धी सहकार्य, तथा समन्वय
- ✓ माछा तथा जलीय जीव पालनको नवीनतम प्रविधिहरुको मापदण्ड र विस्तार सम्वन्धी कार्य
- ✓ मत्स्य विज आपूर्ति, गुणस्तर, मापदण्ड र नियमन सम्वन्धी कार्य
- ✓ समावेशी नीति, कार्यक्रम, मापदण्ड।

## ३.४ <u>खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन माहाशाखा</u>

- ✓ कृषि थोक बजार, संकलन केन्द्र, हाट बजार तथा खुद्रा बिक्री कक्ष निर्माण, सुधार तथा विकास सम्बन्धी कार्यहरु।
- ✓ शित भण्डार विकास तथा प्रवद्र्धन सम्बन्धी कार्यहरु।
- ✓ कृषि बजार, संकलन केन्द्र, बजार पूर्वाधार र तालिम केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन सम्बन्धी कार्यहरु।
- ✓ प्रादेशिक खाद्य सुरक्षा र पोषण (खाद्यान्न, दलहन, तरकारी, फलफुल आदि) खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर सम्बन्धी कार्यहरु।
- ✓ कृषि बजार, पूर्वाधार र पशुपन्छी फार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन सम्बन्धी कार्यहरु ।
- ✓ कृषि सम्बन्धी संघीय, अन्तरप्रादेशिक, स्थानीय तहहरु, तथा अन्य विभिन्न सरोकारवाला संघ संस्थाहरुसँग समन्वय र सहकार्य सम्बन्धी कार्यहरु ।
- ✓ आर्थिक महत्वका स्थानीय बालीनालीको आनुवंशिकी श्रोत संरक्षण सम्बर्द्धन र उपयोग सम्बन्धी कार्य गर्ने।
- ✓ कृषि उपजहरुको मूल्य निर्धारण सम्वन्धी प्रादेशिक मापदण्ड,कानून र नियमन सम्बन्धि सुझाव।
- ✓ कृषि तथा खाद्य सम्वन्धी संघीय तथा अन्तर्राष्ट्रिय प्रत्यायान, प्रमाणीकरण, प्रयोगशालाको विकास सम्वन्धी मापदण्ड तर्जुमा र निमयन सम्वन्धी कार्यहरु।
- ✓ स्थानीय बाली र वस्तुको मौलीक ज्ञान (Indigenous Knowledge) को संरक्षण, सम्बद्र्धन एवं सदुपयोग गरि कृषि विविधिकरणमा जोड दिने सम्बन्धी कार्यहरु।
- ✓ जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन।
- ✓ कृषि क्षेत्रमा जलवायु परिवर्तन असर न्यूनीकरण तथा अनुकूलन कार्य सम्वन्धी कार्यक्रमहरुको प्रवर्द्धन।
- ✓ खाद्य वस्तु गुण निर्धारण तथा नियन्त्रण सम्बन्धि गर्ने।

- ✓ जलवायु परिवर्तनका कृषि क्षेत्रमा असरबारे अध्ययन, अनुसन्धानको व्यवस्था। खाद्य प्रविधि सम्वन्धी अनुसन्धान र विकासमा समन्वयगर्ने।
- ✓ कृषि व्यवसायमा लागत मुल्य कम गर्न यान्त्रीकरण प्रवर्द्धन गर्दै व्यवसायिकरण र औद्योगिकरणमा जोड दिने।
- ✓ कार्यालयमा आईपरेका नियमित कार्यक्रमहरुमा सहजिकरण गर्ने।

### ३.४.१ कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास शाखा

- ✓ सूचनाको विषयगत क्षेत्र बढाउने, थोक, फार्मगेट मूल्य आदिको विश्लेषण सम्बन्धी कार्यहरु।
- ✓ कृषि थोक बजार, संकलन केन्द्र, हाट बजार तथा खुद्रा बिक्री कक्ष निर्माण, सुधार तथा विकास सम्बन्धी कार्यहरु।
- ✓ शित भण्डार विकास तथा प्रवद्र्धन सम्बन्धी कार्यहरु।
- ✓ कृषि बजार सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रवर्द्धन, तथ्याङ्क संकलन प्रणालीको व्यवस्थापन सम्बन्धी कार्यहरु।
- ✓ कृषि बजार, संकलन केन्द्र, बजार पूर्वाधार र तालिम केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन सम्बन्धी कार्यहरु।
- ✓ कृषि उपजहरुको मूल्य निर्धारण सम्वन्धी प्रादेशिक मापदण्ड,कानून र नियमन सम्बन्धि सुझाव।
- ✓ कृषि तथा पशु पन्छीजन्य उत्पादनको संकलन प्रवर्द्धन,भण्डारण नियमन मापदण्ड र कानून
- ✓ कृषि पर्यटन अन्तर्गत स्थानिय कृषि उत्पादनलाई प्रवर्द्धन, रोजगारी सृजना गरी कृषकको जीवनस्तरमा सुधार ल्याउने।

### ३.४.२ खाद्य सुरक्षा प्रवर्द्धन शाखा

- ✓ खाद्य तथा पोषण सुरक्षाका दृष्टिकोणबाट संवेदनशील र खाद्यान्न उत्पादन न्यून हुने क्षेत्रहरुमा स्थानीयस्तरमा उत्पादन हुन सक्ने कृषि उपजको उत्पादन तथा उपयोग गर्न विशेष कार्यक्रमको व्यवस्था।
- ✓ कृषि तथा खाद्य सम्वन्धी संघीय, अन्तर्राष्ट्रिय प्रत्यायान, प्रमाणीकरण, प्रयोगशालाको विकास सम्वन्धी मापदण्ड तर्जुमा र निमयन सम्वन्धी कार्यहरु।
- ✓ खाद्य तथा पोषण सुरक्षा अन्तर्गत सिमान्तकृत कृषकहरु लागि करार खेतीमा प्रोत्साहन गर्ने।
- ✓ खाद्य सुरक्षा संवेदनसिलताका आधारमा जिल्ला वर्गीकरण सहित mission program संचालन गर्ने।

### ३.४.३ कृषि जैविक विविधता तथा जलवायु परिवर्तन शाखा :

- ✓ स्थानीय बाली र वस्तुको मौलीक ज्ञान(Indigenous Knowledge) को संरक्षण, सम्बर्द्धन एवं सदुपयोग गरि कृषि विविधिकरणमा जोड दिने सम्बन्धी कार्यहरु।
- ✓ जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन।
- ✓ कृषि जैविक विविधतामा आधारीत उत्पादन वृद्धि, रोजगारी एवं आयमुलक कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहन गर्दै तत्सम्बन्धी बजार तथा उद्योग व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
- ✓ कृषि क्षेत्रमा जलवायु परिवर्तन असर न्यूनीकरण तथा अनुकूलन कार्य सम्वन्धी कानून, मापदण्ड र नियमन।
- ✓ जलवायु परिवर्तनका कृषि क्षेत्रमा असर बारे अध्ययन, अनुसन्धानको व्यवस्था।
- ✓ कृषि जैविक विविधता तथा जलवायू अनुकुलन प्रविधिको विकास तथा प्रसार।

### ३.४.४ खाद्य प्रविधि शाखा :

- ✓ खाद्य प्रविधि सम्वन्धी अनुसन्धान र विकासमा समन्वयगर्ने।
- ✓ खाद्य वस्तु गुणस्तर मापदण्ड, प्रयोगशालाको मापदण्ड र नियमन सम्वन्धी कार्य।
- ✓ खाद्य गुण नियन्त्रण तथा दाना गुण नियन्त्रण सम्बन्धी कार्यहरु।
- ✓ खाद्य तथा कृषि सम्वन्धी क्वारेन्टाइन प्रकृया सामान्जस्यता गरी आयात प्रकृया व्यवस्थापनमा समन्वय ।

### ३.५ भूमि व्यवस्था महाशाखा

- ✓ भूमि प्रशासन, भमिसुधार सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन।
- ✓ निजी जग्गा, सरकारी जग्गा, सार्वजनिक जग्गा, सामुदायिक जग्गा, गुठी जग्गाको प्रादेशिक अभिलेख संकलन, व्यवस्थापन तथा संरक्षण।
- ✓ स्वामित्त्व हस्तान्तरण, जग्गाको हदबन्दी सम्बन्धि प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन।
- ✓ गुठी जग्गाहरुको व्यवस्थापन सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा कार्यन्वयन र नियमन।
- ✓ सरकारी जग्गा लिजमा उपलब्ध गराउने सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जूमा, कार्यान्वयन र नियमन।
- ✓ भूमि व्यवस्थापन सम्वन्धी कर्मचारीहरुका लागि तालिम, गोष्ठी तथा सेमिनार सम्बन्धी प्रादेशिक नीति तर्जुमा, कार्यान्वयन र नियमन।
- ✓ अन्तर स्थानीय तह, अन्तरनिकाय समन्वय ।

### ३.५.१ जग्गा प्रशासन शाखा

- ✓ जग्गा प्रशासन सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन।
- ✓ प्रदेशको भूमि लगत तयारी सम्बन्धी नीति तथा मापदण्ड।
- ✓ भूमिकर, मालपोत, घर जग्गा रजिष्टेशन शुल्क, जग्गादर्ता, जग्गाको मूल्यांकन, जग्गा प्रशासन, दाखिला खारेज, स्वामित्त्व हस्तान्तरण सम्बन्धि प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन।
- ✓ जग्गा रोक्का फुकुवा सम्बन्धी प्रादेशिक मापदण्ड।
- ✓ जग्गाको न्यूनतम मूल्यांकन सम्बन्धीमापदण्ड र नियमन।
- ✓ जग्गा प्रशासन सम्बन्धि स्थानीय तहको विवाद समाधान।
- ✓ जग्गा प्राप्ति सम्वन्धी प्रादेशिक कानून र मापदण्ड।
- ✓ भूमि बजार, भूमि बैंक, जग्गा एकिकरण तथा पुनर्वितरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड।

### ३.५.२ भूमि सुधार शाखा

- ✓ भमि सुधार तथा सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन।
- ✓ द्वैध स्वामित्व अन्त्य सम्बन्धी नीति तथा मापदण्ड।
- ✓ जग्गाको हदबन्दी सम्बन्धि प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन।
- ✓ भू-सम्बन्ध, भू-स्वामित्व तथा भूमि अधिकार सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड।
- ✓ निजी जग्गा, सरकारी जग्गा, सार्वजनिक जग्गा, सामुदायिक जग्गा, गुठी जग्गाको प्रादेशिक अभिलेख संकलन, व्यवस्थापन तथा संरक्षण।

### ३.५.३ बसोबास व्यवस्थापन शाखा

- ✓ वस्ती व्यवस्थापन सम्वन्धी प्रादेशिक नीति , कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन।
- ✓ दलित, अल्पसंख्यक लगायत भूमिहिन वर्गको वसोवास, सम्वन्धी प्रादेशिक नीति,कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन।
- ✓ सुकुम्वासी, मुक्तकमैया, कम्लहरी, हलिया, हरवा, चरवा लगायत भूमिहिन वर्गको स्थायी वसोवास, जिविकोपार्जन सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन।
- ✓ गुठी जग्गाहरुको तथ्यांक तथा सूचना संकलन, संरक्षण एवं अभिलेख व्यवस्थापन।

## ३.६ भुमिश्रोत नक्सांकन महाशाखा

- ✓ जग्गा नापनक्सा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड र प्रादेशिक नापनक्साको नियन्त्रण विन्दुको संजाल स्थापना,संचालन तथा संरक्षण।
- ✓ भौगोलिक सूचना पूर्वाधार, भू-उपयोग नक्शांकन, भू-उपयोग योजना र भूमि व्यवस्थापन नीति, कानून तथा मापदण्ड ।
- ✓ जग्गाको भू-उपयोग क्षेत्र वर्गीकरण,जग्गा विकास र बस्ती विकास सम्बन्धी प्रादेशिकमापदण्ड।
- ✓ भूमीश्रोत नक्शांकन र Geo-ICT तथा Earth Observation सम्बन्धी नीति तथा मापदण्ड ।
- ✓ क्रमबद्ध कित्तानापी सम्बन्धी कानून,पुनः नापी र गाउँ ब्लक नापी सम्बन्धी मापदण्ड तथा नियमन।
- ✓ कित्ता नापी र भूमि लगत सम्वन्धि मापदण्ड निर्धारण र कार्यान्वयन।
- ✓ भू-सूचना प्रणाली (LIS) विकास, स्थानीय तहले LIS उपयोगको आधार तथा नियमन र एकद्वार प्रणाली मार्फतजनतालाई भरपर्दो सरल, सहज सेवा/सूचना प्रवाह तथा भू-सूचना उपलव्धता।
- ✓ जग्गा एकिकरण, जग्गा व्यवस्थापन तथा चक्लावन्दी र पुनर्वितरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड।
- ✓ केन्द्रिय सरकार बाट प्राप्त हुने नक्शा, भौगोलिक सूचना एंव अभिलेखहरुको आधारमा प्रादेशिक नापनक्शा र अभिलेखलाई वैज्ञानिक व्यवस्थापन तथा संरक्षण।
- ✓ अन्तरस्थानीय तह समन्वय।

### ३.६.१ भौगोलिक सूचना, भू-सूचनाप्रणाली तथा भू-उपयोग शाखा

- ✓ जग्गा नापनक्सा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड।
- ✓ नापनक्साकोनियन्त्रणविन्दुकोसंजाल स्थापना,संचालन तथा संरक्षण।
- ✓ भौगोलिक सूचना पूर्वाधार नीति, कानून तथा मापदण्ड ।
- ✓ प्रादेशिक Spatial Data Infrastructure निर्माण तथा संचालन।
- ✓ भू-उपयोग नक्शांकन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड।
- ✓ भू-उपयोग योजना र भूमि व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड ।
- ✓ जग्गाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी प्रादेशिक मापदण्ड।
- ✓ जग्गा विकास र बस्ती विकास सम्बन्धी नीति तथा मापदण्ड्।
- ✓ भूमीश्रोत नक्शांकन सम्बन्धी नीति तथा मापदण्ड ।
- ✓ क्रमबद्ध कित्तानापी सम्बन्धी कानून, मापदण्ड तथा नियमन।
- ✓ पुनः नापी र गाउँ ब्लक नापी सम्बन्धी मापदण्ड।
- ✓ कित्ता नापी र भूमि लगत सम्वन्धि मापदण्ड निर्धारण र कार्यान्वयन।

- ✓ संधीय सरकार बाट प्राप्त हुने नक्शा, भौगोलिक सूचना एंव अभिलेखहरुको आधारमा प्रादेशिक नाप नक्शा र अभिलेखलाई वैज्ञानिक व्यवस्थापन तथा संरक्षण।
- ✓ जग्गा एकिकरण, जग्गा व्यवस्थापन तथा चक्लावन्दी र पुनर्वितरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड।

### ३.६.२ भू-सूचना प्रविधी शाखा

- ✓ प्रादेशिक भू-सुचना प्रणाली (LIS) को विकास र संचालन।
- ✓ नक्शा तथा डाटा वितरणर भू-सूचना उपलव्ध गराउने तथा उपलव्ध गराउन समन्वय गर्ने।
- ✓ जग्गाको अभिलेखलाईएकद्वार LIS प्रणाली मार्फत जनतालाई भरपर्दो सरल, सहज सेवा/सूचना प्रवाह तथा भू-सूचनाको उपलव्धता।
- ✓ भू-सूचना प्रणालीको विकास गर्न सम्पर्क, सहकार्य र समन्वय कायम गरी प्रविधि विकास गरी स्थानीय तहलाई हस्तान्तरण गर्न सघाउ पु-याउन Pro-Active Role निर्वाह गर्ने।
- ✓ LIS लाई Spatial Data Infrastructure सँग आवद्ध गराउन प्रभावकारी भुमिकाका लागि पहल गर्ने।
- ✓ भू-सूचना प्रविधिसँग सम्वन्धित अध्ययन, अनुसन्धान, गोष्ठी, सेमिनार आदिमा भाग लिई Continuous Professional Development (CPD) का लागि पहल गर्ने।

## ४. यस आ.व. २०८२/८३ मा मन्त्रालय र मातहातको कार्यालय बाट सम्पादन भएका मुख्य मुख्य कामको विवरणः

४.१ व्यवसायिक उखु खेती परियोजना
४.२ अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम
४.३ सिंचाई व्यवस्थापन प्रबर्द्धन सहयोग कार्यक्रम तथा वडा लक्षित सिंचाई कार्यक्रमहरु समेत
४.४ माटो स्वास्थ्य सुधार कार्यक्रम
४.५ दुई धान वाली प्रबर्द्धन कार्यक्रम
४.६ हरुवा चरवा दलित लगायत लक्षित वर्गको जीविकोपार्जनका लागि १०० प्रतिशत अनुदान सहयोगमा पशुपन्छीपालन कार्यक्रम
४.७ निर्यात प्रबर्द्धनकाल लागि मासु उत्पादन कार्यक्रम
४.८ मत्स्य उत्पादकत्व वृद्धि कार्यक्रम
४.९ मत्स्य पोखरी निर्माण
४.१० कृषि तथा पशुपन्छी सम्बन्धि विषयवस्तुमा आधारित तालिमहरू
४.११ मुल्य श्रंखलामा आधारित व्यवसायिक फलफुल खेति प्रवर्द्धन कार्यक्रमहरू
४.१२ सार्वजनिक, निजी साझेदारि मोडेलमा Custom hiring center स्थापना

५. सूचना अधिकारी र प्रमुखको नाम र पदः

| क्र.सं. | पदाधिकारी | पद | कर्मचारीको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | प्रमुख | प्रदेश सचिव | डा. संजय कुमार यादव | ९८५४०२९५७१ |
| २ | प्रवक्ता | वरिष्ठ बालि बिकास अधिकृत | मनिष कुमार पाल | ९८४४०५५७०० |
| ३ | सूचना अधिकारी | कृषि अर्थ विज्ञ | अजय ज्ञवाली | ९८५४०२४६६३ |

६. ऐन,नियमावली,निर्देशिका,कार्यविधि,मापदण्ड तथा संचालन विधिहरूः

| क्र.स | ऐन/नियम/कार्यविधि/मापदण्ड |
|---|---|
| १ | प्रदेश दुध विकास बोर्ड (स्थापना र संचालन) ऐन, २०७७ |
| २ | प्रदेश सहकारी ऐन, २०७८ |
| ३ | प्रदेश सहकारी नियमावली, २०८० |
| ४ | कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि(पहिलो संशोधन सहित), २०७६ |
| ५ | प्रदेश खाद्य परिषद् गठन तथा तथा संचालन नियमावली, २०७८ |
| ६ | प्रदेश कृषि विकास ऐन,२०८१ |
| ७ | कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२ |
| ८ | माटो स्वास्थ्य सुधार कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२ |
| ९ | बीउ बिजन आत्मनिर्भर तथा प्रङ्गारिक मलमा अनुदान कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२ |
| १० | व्यवसायिक उखु खेति परियोजना प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८२ |
| ११ | सुख्खा एवम् खडेरीबाट तत्काल राहतका लागी भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधी, २०८२ |
| १२ | कृषक पाठशाला संचालन कार्यविधि,२०८२ |

## ७. आ.व २०८२/८३ को बजेट तथा खर्चको अवस्थाः

यस मन्त्रालयमा आ.व २०८२/८३ को २०८२ श्रावण १ देखि २०८३ असार मसान्त सम्म देहाय बमोजिमको आर्थिक कारोबार भएका छन् ।

| क्र.सं. | विवरण | बिनियोजित बजेट (रू हजारमा) | खर्च (रू हजारमा) | बाँकि बजेट | वित्तिय प्रगति (%) | कैफियत |
|---|---|---|---|---|---|---|
| १.१ | पूँजि | ५,६१,८९४ | ५०,९०० | १,५४,९६९ | ९.०६ | |
| १.२ | चालु | ४०,३३२ | ३,६२७ | ३३,४५३ | ८.९९ | |
| **जम्मा** | | ६,०२,२२६ | ५४,५२७ | १,८८,४२२ | २२.४४ | |

## ८. सार्वजनिक निकायको बेभसाईट भए सो को विवरणः

**www.molmac.madhesh.gov.np**

## ९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः

यस कार्यालयमा हालसम्म अनौपचारिक माध्यम जस्तै कार्यालयमा प्रत्यक्ष आएर मौखिक वा टेलिफोन मार्फत सम्पर्क गर्नेहरूलाई मागँ अनुसारको सूचना तथा जानकारी प्रवाह गर्ने गरेको ।

## १०. अन्य विवरण

### १०.१ मन्त्रालय मातहतका निकाय सम्बन्धी विवरणः

| सि. नं. | कार्यालयको नाम | ठेगाना | नाम थर | पद/तह | ईमेल.आई.डी. | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | जनकपुरधाम | डा. संजय कुमार यादव | प्रदेश सचिव | mlacprovince2@gmail.com | ९८५४०२९५७१ |
| २ | कृषि बिकास निर्देशनालय | नक्टाझिज, धनुषा | श्री जितेन्द्र यादव | निर्देशक/एघारौं | addprov2dhanusha@gmail.com | ९८५४०२००६३ |
| ३ | पशुपंछी तथा मत्स्य विकास निर्देशनालय | जनकपुरधाम | श्री जागेश्वर यादव | निर्देशक/एघारौं | dolfd.p2.np@gmail.com | ९८५४०२५६९९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | कृषि व्यवसाय प्रवद्र्धन सहयोग तथा तालिम केन्द्र | नक्टाझिज, धनुषा | श्री नरेन्द्र कुमार महासेठ | व.कृ.प्र.अ./दशौं तह | ratcnaktajhij@gmail.com abpstc.mp@gmail.com | ९८५४०२९६६१ |
| ५ | बाली संरक्षण प्रयोगशाला | सिराहा | श्री कोमल रिजाल | बा.सं.अ/सातौं | pplsiraha@gmail.com | ९८४५८५४००७ |
| ६ | माटो तथा मल परिक्षण प्रयोगशाला | सप्तरी | श्री सन्देश सुवेदी | माटो विज्ञ/सातौं तह | soillabsaptari@gmail.com | ९८५२८५४६१५ |
| ७ | वीउ बिजन प्रयोगशाला | महोत्तरी | श्री स्मृति झा | वा.बि.अ/सातौं तह | seedlabprovince2@gmail.com | ९८५४०२२४२५ |
| ८ | कृषि ज्ञान केन्द्र | सप्तरी | श्री रोशन कुमार मेहता | व.कृ.प्र.अ/दशौं तह | akcsaptari@gmail.com | ९८५२८२०७६५ |
| ९ | कृषि ज्ञान केन्द्र | सिरहा | श्री किसुन देव रावत | कृ.अ.वि/ आठौं तह | akcsiraha@gmail.com | ९८५२८८०५०० |
| १० | कृषि ज्ञान केन्द्र | धनुषा | श्री प्रदिप यादव | व.बा.वि.अ/ नवौं तह | akcdhanushachief@gmail.com | ९८५४०२७७३९ |
| ११ | कृषि ज्ञान केन्द्र | महोत्तरी | | | akcmahottari@gmail.com | ९८५४०३२२४५ |
| १२ | कृषि ज्ञान केन्द्र | सर्लाही | श्री कमलदेव कुशवाहा | व.कृ.प्र.अ/ दशौं तह | sarlahiakc@gmail.com | ९८५४०४४३४२ |
| १३ | कृषि ज्ञान केन्द्र | रौतहट | श्री सुरेन्द्र प्रसाद कुर्मि | कृ.प्र.अ/आठौं तह | dadorautahat@gmail.com | ९८५५०२४००१ |
| १४ | कृषि ज्ञान केन्द्र | बारा | श्री राज नारायण प्रसाद साह | वा.बि.अ/ आठौं तह | dado.bara@yahoo.com | ९८५५०२५०२८ |
| १५ | कृषि ज्ञान केन्द्र | पर्सा | श्री राम जिवन ठाकुर | व.कृ.प्र.अ/नवौं तह | agriscienceparsa@gmail.com | ९८५५०३६८११ |
| १६ | पशु सेवा तालिम केन्द्र | जनकपुरधाम | डा. शिवनन्दन यादव | प.वि.अ/ आठौं तह | lstc.janakpur@gmail.com | ९८६२२०२७५७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सप्तरी | | | vhlsec.saptari@gmail.com | ९८५२८२२१४२ |
| १८ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सिरहा | | | vhlsec.siraha@gmail.com | ९८५२८३४८०१ |
| १९ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | धनुषा | डा संजिव कुमार ठाकुर | व.प.चि./दशौं तह | dlsodhanusha555@gmail.com | ९८५४०२६०२१ |
| २० | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | महोत्तरी | डा. इन्द्रेश झा | व.प.चि./दशौं तह | vhlsec.mahottari@gmail.com | ९८४५१२१८७५ |
| २१ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सर्लाही | श्री उपेन्द्र कुमार सिंह | प.वि.अ./आठौं | dlsosarlahi@yahoo.com vhlsecsarlahi@gmail.com | ९८५४०३६४०५ |
| २२ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | रौतहट | श्री इन्दु राय यादव | प.चि./रा.प.तृतीय | vhlsec.rautahat@gmail.com | ९८५५०४१५४९ |
| २३ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | बारा | श्री सन्तोश कुमार सिहं राजपुत | व.म.वि.अ./दशौं तह | vhlsec.bara@gmai.com | ९८५५०४९८१४ |
| २४ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | पर्सा | डा.सरोज चौधरी | व.प.वि.अ./दशौं तह | vhlsec.parsa@gmail.com | ९८५५०३५२५२ |
| २५ | मत्स्य विकास केन्द्र | फत्तेपुर, सप्तरी | श्री भुप नारायण | व.म.वि.अ./नवौं तह | fdcfattepur2029@gmail.com | ९८१५९२१९३४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मण्डल | | | |
| २६ | मत्स्य विकास केन्द्र | लहान, सिरहा | श्री विकास शाहा | व.म.वि.अ./ दशौं तह | fdclahan@gmail.com | ९८५४०२२३७९ |
| २७ | उष्ण प्रदेशीय वागवानी नर्सरी विकास केन्द्र | धनुषा | श्री राजिव यादव | व.बा.वि.अ/ दशौं तह | bagwanijanakpur@gmail.com | ९८५४०३३६५५ |
| २८ | प्रदेश दुग्ध विकास बोर्ड | जनकपुर | डा. सरोज चौधरी | व.प.वि.अ./ दशौं तह | pddb.janakput@gmail.com | ९८४०४५०००१ |
| २९ | प्रदेश सहकारी रजिष्ट्रार | जनकपुर | श्री रुपेश साह | उपसचिव/दशौं तह | registrarmprovince@gmail.com | ९८५११९०५३३ |

१०.२ नागरिक बडापत्र

मधेश प्रदेश

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

जनकपुरधाम

## नागरिक वडापत्र (Citizen charter)

| क्र. सं. | सेवा सुविधाहरुको विवरण | आवश्यक कागजातहरु | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी र शाखा | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **१. प्रशासन तथा सहकारी विकास महाशाखा** | | | | | | | |
| १.१ | प्रशासन संग सम्वन्धित अन्तर मन्त्रालय एवं निकायगत राय दिने | सम्वन्धित निकायको पत्र | प्रकृया पुरा भएको सात दिन भित्र | नि: शुल्क | कानून तथा फैसला कार्यान्वयन शाखा प्रमुख | महाशाखा प्रमुख | सुशासन ऐन तथा नियमावली बमोजिम |
| १.२ | गुनासो व्यवस्थापन तथा समन्वय गर्ने | प्रमाण सहितको उजुरी निवेदन, जिज्ञासा | उजुरी प्राप्त भएको ३ दिन भित्र | | सम्वन्धित महाशाखा प्रमुख | सचिव | सम्वन्धित निकाय तथा गुनासो गर्ने सेवाग्राहीको समन्वयमा |
| १.३ | सहकारी शिक्षा तथा प्रबर्द्धन | ऐन नियम कार्यविधि, नीतिगत निर्णयमा उल्लेख भएबमोजिमको कागजातहरु | आवश्यकता अनुसार | | सहकारी शाखा | महाशाखा प्रमुख | सहकारी ऐन तथा नियमावली |
| १.४ | सहकारीको अनुगमन | नपर्ने | आवश्यकता अनुसार | | सहकारी शाखा | महाशाखा प्रमुख | |
| **२. भूमि व्यवस्था महाशाखा / भूमिश्रोत नक्सांकन महाशाखा** | | | | | | | |
| २.१ | भूमि व्यवस्था सम्बन्धी संघिय सरकार स्थानिय सरकार सँग समन्वय गर्ने | ऐन नियम कार्यविधि, नीतिगत निर्णयमा उल्लेख भएबमोजिमको कागजातहरु | आवश्यकता अनुसार | नि: शुल्क | महाशाखा प्रमुख | महाशाखा प्रमुख | |

| क्र. सं. | सेवा सुविधाहरुको विवरण | आवश्यक कागजातहरु | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी र शाखा | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **३. योजना तथा अनुगमन महाशाखा** | | | | | | | |
| ३.१ | कृषि / पशुपन्छी/मत्स्य तथ्याङ्ग पुस्तिका छपाई, बार्षिक, अर्धबार्षिक प्रगति प्रतिवेदन वितरण उपलव्ध गराउने | आवश्यक कागजात सहित माग भएमा | ३ दिन भित्र | नि: शुल्क | कृषि अर्थ विज्ञ | महाशाखा प्रमुख | |
| ३.२ | कृषि, पशुपन्छी, मत्स्य क्षेत्रमा हुने विपदहरुको राहत व्यवस्थापन र सूचना प्रवाह | निवेदन साथ माग भएमा | ३ दिन भित्र | | सूचना अधिकारी | सचिव | |
| ३.३ | अनुगमन तथा मूल्याङ्कन | नपर्ने | निरन्तर | | शाखा प्रमुख | महाशाखा प्रमुख | |
| ३.४ | महाशाखा तथा मातहतका निकाय संग समन्वय र सहकार्य | नपर्ने | निरन्तर | | प्रवक्ता | सचिव | |
| ३.५ | मन्त्रालय तथा मातहतका कार्यालयबाट संचालन हुने क्रियाकलापको बारेमा जानकारी | नपर्ने | निरन्तर | | सूचना अधिकारी | प्रवक्ता | |
| ३.६ | प्रादेशिक मन्त्रालय संघीय मन्त्रालय दातृ निकाय अन्य निकायसँग समन्वय | नपर्ने | तुरुन्त | | सम्बन्धित महाशाखा प्रमुखहरु | सचिव | |

| क्र. सं. | सेवा सुविधाहरुको विवरण | आवश्यक कागजातहरु | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी र शाखा | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **४. खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा** | | | | | | | |
| ४.१ | कृषि खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन सम्वन्धि आवश्यक नीति तर्जुमा गर्ने | ऐन, नियम, कार्यविधि, नीतिगत निर्णयमा उल्लेख भए बमोजिम | निरन्तर | नि: शुल्क | शाखा प्रमुख | महाशाखा प्रमुख | |
| ४.२ | मातहतका निकायसंग समन्वय | नपर्ने | निरन्त | | शाखा प्रमुख | महाशाखा प्रमुख | |
| **५. पशुपन्छी विकास महाशाखा** | | | | | | | |
| ५.१ | निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशु सेवा तालिम केन्द्र, फार्म आदिको सेवा प्रवाहमा सहजीकरण र समन्वय गर्ने | नपर्ने | निरन्त | नि: शुल्क | महाशाखा प्रमुख | सचिव | |
| ५.२ | पशुपन्छी र मत्स्य उत्पादन तथा वजार सम्बन्धी नियमन | निवेदन प्राप्तको आधारमा र आवश्यकताको आधारमा | जानकारी प्राप्तको १ दिन भित्र | | महाशाखा प्रमुख | सचिव | |
| ५.३ | पशुपंक्षी तथा पशुपन्छीजन्य पदार्थ उत्पादन साथै व्यवसाय प्रवर्द्धन सम्वन्धि आवश्यक नीति तर्जुमा गर्ने | नपर्ने | निरन्त | | शाखा प्रमुख | महाशाखा प्रमुख | |